नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

प्रेस विज्ञप्ति

नेपालको संविधान बमोजिम मुलुक संघीय संरचनामा प्रवेश गरेको तथा स्थानीय निकायको पुनःसंरचना भई ७४४ स्थानीय तह कायम रहेको व्यहोरा सबैमा विदितै छ । भरखरै कायम भएका स्थानीय तहहरुमा भौतिक पूर्वाधार एवं स्रोत साधन पर्याप्त नभएकोले संविधान बमोजिमको कार्यसम्पादन गर्न सहजता हुने हेतुले देशभरिका स्थानीय तहहरुको कार्यालय भवनको संरचनामा एकरुपता ल्याउन मिति २०७४।२।१६ मा माननीय उपप्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीबाट स्थानीय पूर्वाधार तथा कृषि सडक विभागव्दारा तयार गरिएको भवन निर्माणको ढांचाहरु स्वीकृत भई कार्यान्यनमा आएको छ । यो ढांचालाई मन्त्रालयको वेवसाइट **www.mofald.gov.np** मा राखिएको छ । गाउँपालिका तथा नगरपालिकाको कार्यालय भवनका लागि विभिन्न ४ प्रकारका नमूना तथा वडा कार्यालयहरुका लागि ६ प्रकारका नमूना मध्येबाट भवन निर्माणका लागि आवश्यक जमीन लगायत अन्य प्रावधानहरुको आधारमा सम्बन्धित स्थानीय तहले नमूना छनौट गरी निर्माण गर्न सकिने व्यवस्था गरिएको छ । भवनको ढांचा कार्यान्वयनका लागि चालू आ.व.मा विनियोजित स्रोत प्रयोग गर्न सकिने र आगामी आ.व. २०७४/०७५ को वजेटबाट स्थानीय तहले विनियोजन गर्न सक्ने साथै नेपाल सरकारबाट आवश्यकता अनुसार अन्य स्रोतको समेत व्यवस्थाका लागि पहल भैरहेको छ । यसबाट सबै स्थानीय तहका कार्यालय भवनको संरचनामा एकरुपता आउने, परिवर्तित कार्यजिम्मेवारी सम्पादन गर्न सहज हुने र सेवा प्रवाहमा सरलता हुने विश्वास मन्त्रालयले लिएको छ ।

........................

दिनेश कुमार थपलिया

सचिव

मितिः २०७४।२।१७

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय